REGIONAL NEWS UNIT
ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETIN
BROADCAST: 18:40 hrs  Date: 14.06.2025

## Governor

सिक्किमका राज्यपाल ओम प्रकाश माथुरले हिजो प्रधानमन्त्री नरेन्द्र मोदीसँग नयाँ दिल्लीमा शिष्टाचार भेट गर्नुभयो। राजभवनले आज बिहान प्रेस विज्ञप्तिमा दिएको जानकारीअनुसार यस महत्वपूर्ण बैठकमा प्रधानमन्त्री र राज्यपालबीच सिक्किमको विकाससित सम्बन्धित विभिन्न मुद्दाहरूमाथि चर्चा भयो। यस अतिरिक्त, भाइब्रेन्ट भिलेज योजना अन्तर्गत सीमावर्ती क्षेत्रको समग्र विकासलाई लिएर पनि महत्वपूर्ण कुराकानी भएको बताइएको छ। उल्लेख्य, राज्यपाल ओम प्रकाश माथुरले हिजो उपराष्ट्रपति जगदीप धनखड़ र रक्षामन्त्री राजनाथ सिंहसँग पनि भेट गर्नुभएको थियो।

## Governor-Amit Shah

राज्यपाल ओम प्रकाश माथुरले हिजै केन्द्रिय गृहमन्त्री अमित शाहसँग पनि शिष्टाचार भेट गर्‍नुभयो। यस अवसरमा राज्यपालले सिक्किमको विकासमा केन्द्रद्वारा प्रायोजित विभिन्न योजनाहरूबारे सकारात्मक छलफल गर्नुका साथै राज्यको प्रगति र भविष्यका योजनाहरूबारे पनि चर्चा भएको थियो । राज्यपाल माथुरले सिक्किमको विकासका लागि केन्द्र् सरकारको मार्गदर्शन र सहयोगका लागि अपेक्षा राखेको बताउनुभयो। छोटो बैठकमा राज्य र देशको सुरक्षासम्बन्धी विभिन्न विषयमा छलफल भएको जनाएको छ।

## Mansarovar Yatra

कैलाश मानसरोवर यात्राको लागि पहिलो समूह भोलि गान्तोक आइपुग्नेछ। सिक्किम सरकारले तीर्थयात्रीहरूको स्वागत गर्न सबै व्यवस्था मिलाएको छ। तीर्थयात्रीहरू स्थानीय वातावरणसित अभ्यस्त हुनका लागि विभिन्न स्थानमा बस्नेछन्। मुख्यमन्त्री प्रेम सिंह तामाङले जून २० मा नथुलामा यात्राको

शुभारम्भ गर्नु हुनेछ। यस सम्बन्धमा आकाशवाणी संवाददातासितको कुराकानीमा पर्यटन तथा नागरिक उड्डयन विभागका अतिरिक्त मुख्य सचिव सि एस राव भन्नुहुन्छ......

VLW

पर्यटन तथा नागरिक उड्डयन र उद्योग विभागका मन्त्री एवं योक्सम-टाशिडिङका क्षेत्र बिधायक छिरिङ टी. भोटियाले आज गेजिङ जिल्लाको योक्साम-टाशिडिङ निर्वाचन क्षेत्र अन्तर्गत मिडिल चोङराङ र लाबिङ-गेरथाङमा नव निर्मित दुई वटा VLW अर्थात् ग्राम सेवक केन्द्रहरूको उद्घाटन गर्नुभयो। यी केन्द्रहरू सिक्किम सरकारको कृषि विभागद्वारा भवन तथा कृषि संरचना विकास योजनाअन्तर्गत राज्य सरकारको आर्थिक सहयोगमा निर्माण गरिएको हो। नयाँ केन्द्रहरू कृषि सेवा पहुँचलाई सहज बनाउने र खेतीपातीसम्बन्धी योजनाहरूको कार्यान्वयनलाई स्थानीय स्तरसम्म प्रभावकारी बनाउन लक्षित गरिएको छ। उद्घाटन कार्यक्रममा गेजिङ जिल्लाका सम्बन्धित अधिकारीहरू लगायत स्थानीय बासिन्दाहरूको उपस्थित रहेको थियो। औपचारिक उद्घाटनपछि मन्त्री भोटियाले केन्द्रहरूमा रहेको कार्यालय कक्ष, गोदाम आदि पूर्वाधारको निरीक्षण गर्नुभयो र त्यहाँ कार्यरत कर्मचारीहरूसँग अन्तरक्रिया गर्नुभयो।

Covid Update

सिक्किम सरकारको स्वास्थ्य मन्त्री जी टी ढुङ्गेलले हाल राज्यमा कोविड-19 बाट 57 जना सङ्क्रमित भएको पुष्टि गर्नुभएको छ। मन्त्री ढुङ्गेलले यस सङ्क्रमणसित लड्न सरकार र विभाग तत्पर रहेको र सबै चिकित्सक, नर्स र टेक्निसियनहरूलाई सतर्क गराइएको बताउनुभएको छ। आज पत्रकारहरूसँग कुरा गर्दै मन्त्री ढुङ्गेलले कोविड सङ्क्रमित बिरामीहरूका लागि पर्याप्त सुविधा र शैय्या, औषधि र अन्य आवश्यक उपकरणहरूको व्यवस्था गरिसकेको जानकारी दिनुभयो। स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयको आधिकारिक स्रोतका अनुसार हिजो 13 जूनसम्ममा भारतमा कोविड-19 का 7,131 सक्रिय मामिलाहरू रहेको र 10,976 जना बिरामीहरूले स्वस्थ्यलाभ गरेको जनाएको छ।

## NTA-NEET UG Result

राष्ट्रिय परीक्षण एजेन्सीले आज मेडिकल प्रवेश परीक्षा NEET UG २०२५ को नतिजा घोषणा गरेको छ। परीक्षार्थीहरूले एजेन्सीको आधिकारिक वेबसाइटमा आफ्नो नतिजा जाँच गर्न सक्छन्। उल्लेख्य, गत मे ४ मा देशभरका २२ लाख भन्दा बढी उम्मेदवारहरूका लागि NEET परीक्षा सञ्चालन गरिएको थियो।

## Weather Report

मौसम विभागले दिएको जानकारीअनुसार बितेको चौबिस घण्टामा गान्तोकमा अधिकतम तापक्रम २५.४ डिग्री सेल्सियस र न्युनतम तापक्रम १९.२ डिग्री सेल्सियस रेकर्ड गरियो। भोलि अधिकतम तापक्रम २४ डिग्री सेल्सियस र न्यूनतम तापक्रम १८ डिग्री सेल्सियस रहने पूर्वानुमान गरिएको छ। मौसम विभागले आकाशमा सामान्यतः बादल छाउने अनि चट्याङसहित वर्षा हुने सम्भावना जनाएको छ।